# केन्द्रीय नवीकरणीय ऊर्जा कोषको सचिवालय

**मध्य-वानेश्वर, काठमाण्डौं**

## कोष सचिवालय प्रमुखको पदपूर्ति सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८१/०२/०६**

**केन्द्रीय नवीकरणीय ऊर्जा कोषको सचिवालय प्रमुख** पद खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले **"केन्द्रीय नवीकरणीय ऊर्जा कोष सचिवालय प्रमुखको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८१"** (यसपछि "कार्यविधि" भनिएको) बमोजिम देहायको योग्यता र अनुभव हासिल गरेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१।०२।२०) भित्र कार्यालय समयमा का.म.न.पा.-१०, मध्य-वानेश्वर, काठमाण्डौं स्थित **वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**को कार्यालयमा तपशिल बमोजिमका विवरण सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको वेवसाइटः www.moewri.gov.np, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको वेवसाइटः www.aepc.gov.np र केन्द्रीय नवीकरणीय ऊर्जा कोषको सचिवालयको वेवसाइटः www.cref.gov.np मा हेर्न सकिनेछ ।

१. **आवश्यक न्युनतम योग्यताः**

(क) **शैक्षिक योग्यताः** मान्यता प्राप्त विश्वविद्यालयवाट अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, बैंकिङ विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको शैक्षिक उपाधि हासिल गरेको ।

(ख) **अनुभवः** नवीकरणीय ऊर्जा कोषको कार्यसँग सम्बन्धित क्षेत्रमा वा बैंकिङ वा व्यवस्थापन वा लेखाको क्षेत्रमा अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा १२ वर्षको कार्य अनुभव भएको ।

(ग) **उमेरः** दरखास्त दिने अन्तिम मितिमा ५५ वर्ष ननाघेको ।

(घ) कार्यविधिको दफा ५ बमोजिम अयोग्य नभएको ।

२. **दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः**

(क) कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा उम्मेदवारको दरखास्त फाराम

(ख) दरखास्त दस्तुर तिरेको सक्कल भौचर

(ग) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्य अनुभव प्रमाणित हुने कागजातको प्रतिलिपिहरु

(घ) व्यावसायिक योजना तथा कार्य योजना (३ प्रति)

(ङ) कार्यविधिको अनुसूची २ बमोजिमको स्वघोषणा

(च) वैयक्तिक विवरण (CV)

(छ) अन्य विवरणहरु

- उम्मेदवारले दरखास्त फाराम, दरखास्त दस्तुर तिरेको भौचर वा रसिद, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्य अनुभव प्रमाणित हुने कागजातको प्रतिलिपि, स्वघोषणा, वैयक्तिक विवरण (CV) र अन्य विवरणहरु खाम "क" र व्यावसायिक योजना तथा कार्ययोजना (३ प्रति) खाम "ख" मा सिलबन्दी गरी खाम बाहिर उम्मेदवारको नाम, ठेगाना, फोन नं. र सहीछाप गरी सूचनामा तोकिएको म्यादभित्र केन्द्रमा दर्ता गर्नुपर्नेछ ।
- उम्मेदवारले दरखास्त तथा दरखास्तसाथ पेश गर्नुपर्ने अन्य विवरण र कागजात, व्यावसायिक योजना तथा कार्ययोजनामा समावेश गर्नुपर्ने बुँदाहरु, शैक्षिक योग्यता तथा कार्य अनुभव, अयोग्यता, छनौट प्रक्रिया तथा मूल्याकंनका आधारहरु कार्यविधि बमोजिम हुनेछ ।

३. **दरखास्त दस्तुरः** दरखास्त दिने उम्मेदवारले दरखास्त दस्तुर बापत रु. ३,०००।- (अक्षरेपीः तीन हजार रुपैया मात्र) निम्न बैंकमा जम्मा गरी सोको भौचर वा रसिद दरखास्त साथ पेश गर्नुपर्नेछ ।

- Bank Name: NMB Bank Limited, Branch: Babarmahal Kathmandu
- Account Name: NRREP/CREF OPERATIONAL ACCOUNT, Account No. 0010037403500205

४. **दरखास्त स्वीकृत नगरिनेः** सूचनाको बुँदा नं. १ बमोजिमको योग्यता नपुगेमा र बुँदा नं. २ बमोजिमको पेश गर्नुपर्ने कागजातहरु मध्ये कुनै कागजात पेश नगरेमा वा रीतपूर्वक रहेको नदेखिएमा दरखास्त स्वीकृत गरिने छैन ।

५. **छनौट प्रकृयाः** कार्यविधिमा उल्लेखित मूल्याँकनका आधार र छनौट प्रक्रिया बमोजिम हुनेछ ।

६. **पदावधिः** लगानी समितिले तोके बमोजिम हुनेछ ।

७. **कार्य विवरण :** केन्द्रीय नवीकरणीय ऊर्जा कोष सचिवालय प्रमुखको कार्य विवरण केन्द्रीय नवीकरणीय ऊर्जा कोष (सञ्चालन) निर्देशिका २०७१ (पहिलो संसोधन, २०७८), प्रचलित अन्य कानून तथा लगानी समितिले तोके बमोजिम हुनेछ ।

८. **पारिश्रमिक तथा अन्य सुविधाः** लगानी समितिले तोके बमोजिम हुनेछ ।

९. **कार्यसम्पादन करार गर्नुपर्नेः** लगानी समितिसँग कार्यसम्पादन करार सम्झौता हुनेछ ।

१०. यस सम्बन्धमा थप जानकारीका लागि कार्यालय समयमा केन्द्रको फोन नं ०१-४५९८०१३ वा कोषको सचिवालयको फोन नं. ०१-५२४४२९०, ५२४४२९३ मा सम्पर्क गर्न सकिनेछ ।